नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 7 Monthly International Edition of Herald of His Coming July 2021

वर्ष २२, अङ्क ७ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (साउन, २०७८)

प्रशस्त प्रेम

Abound in Love

By Rich Carmicheal

यो अङ्क प्रेमको विषयमा केन्द्रित छ- हाम्रो निम्ति परमेश्वरको प्रेम, परमेश्वरप्रति हाम्रो प्रेम र अरूको लागि हाम्रो प्रेम । परमेश्वरको प्रेमको बारेमा धर्मशास्त्र बाइबलले प्रमाणित गर्छ ।

"उहाँले तिनलाई भन्नुभयो, तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्ना सारा समझले प्रेम गर्नू । महान् र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैँले आफ्ना छिमेकीलाई आफैँलाई जस्तै प्रेम गर्नू । सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन् ।" (मत्ती २२ : ३७ - ४०)

"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिन्छु : तिमीहरू एक- अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौं भने, यसैबाट सबैले जान्नेछन् कि तिमीहरू मेरा चेलाहरू हौ ।" (यूहन्ना १३ : ३४-३५) "प्रेमले छिमेकीको खराबी गर्दैन । यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो ।" (रोमी १३ : १०)

"अब विश्वास, आशा, प्रेम, यी तिन रहन्छन्, तर यिनमा सर्वोत्तम चाहिँ प्रेम नै हो ।" (१ कोरिन्थी १३ : १३)

"यी सबैभन्दा बढी बरु प्रेमधारण गर, जसले सबैथोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ ।" (कलस्सी ३ : १४)

"प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।" (१ यूहन्ना ४ : ८)

"यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं । परमेश्वर प्रेम हुनुहुन्छ र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ ।" (१ यूहन्ना ४ : १६)

सबैभन्दा महत्वपूर्ण कुरा यो छ कि हाम्रो दिमागमा ख्रीष्टको सत्य प्रेमको स्तर जाँच गर्न सक्नु । उहाँले धेरै मानिसहरूलाई प्रेमको बारेमा चेतावनी दिनुहुन्छ ।

ख्रीष्टले यसरी भन्नुहुन्छ, "दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ ।" (मत्ती २४ : १२) पावलले पनि यो कुरामा चेतावनी दिन्छन् कि, "तर यो बुझिराख कि आखिरी दिनहरूमा डरलाग्दा समस्याहरू आउनेछन् । किनभने मानिसहरू आफैँलाई माया गर्ने, रुपियाँ-पैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमाबुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, स्वाभाविक प्रेमरहिताका, खुसी पार्न नसन्ने, अरूको बदख्वाई गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, अहङ्कारले पुलेका, परमेश्वरलाई भन्दा खुसी-विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । यस्ता मानिसहरूबाट अलग बस ।" (२ तिमोथी ३ : १-५) अहिलेको समयमा हामीहरू पावलले सिकाएका कुराहरू प्रकट भएको देख्न सक्छौं । र, मण्डलीको बारेमा आज पनि धेरै मामिलाहरूमा प्रभु येशूले जस्तो वचन एफिसीको मण्डलीलाई दिनुभएको थियो । "तर तिम्रा विरुद्धमा मसित यो कुरा छ कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ ।" (प्रकाश २ : ४) सायद एफिसीको मण्डलीमा राम्रो काम, सत्य र पवित्रताको कमी भएको थियो होला । त्यसैले येशूले यसरी भन्नुभयो, "तिम्रा कामहरू, तिम्रो परिश्रम र सहनशीलता मलाई थाहा छ र तिमीले खराब

मानिसहरूलाई सहन सक्दैनौ तर तिनीहरू जसले प्रेरित हुँ त भन्दछन् तर वास्तवमा होइनन्, त्यस्तालाई जाँचेर झुटा भेटाएका छौं भनी म जान्दछु ।" यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चाताप गर अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर, तिमीले पश्चाताप गरेनौ भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु ।" (प्रकाश २ : ५) प्रेम बिना हामी केही पनि हैनौं र प्रेमबिनाको हाम्रो विश्वास र कामले हामीलाई केही फाइदा गर्दैन । "मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोले तापनि ममा प्रेम छैन भने, म हल्ला मच्चाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु । मसँग अगमवाणी बोल्ने शक्ति होला र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकुँला र पहाडहरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइन । यदि मैले सारा सम्पत्ति बाँडिदिएँ, र मेरो शरीर जलाउनलाई दिइहाले, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन ।" (१ कोरिन्थी १३ : १-३)

प्रेमको चिन्ह

हामी प्रत्येकले आफैंलाई यो प्रश्न सोध्न सक्छौं कि हाम्रो प्रेम प्रभु र अरूप्रति कतिको बलियो छ । के हामी हाम्रो प्राण, आत्मा, हृदय र समझ-शक्तिले परमेश्वरलाई प्रेम गर्छौं ? के हामी उहाँसँग घनिष्ठ सम्बन्धमा बाँचिरहेका छौं ? के हामीले प्रार्थना र उहाँको वचनमा रहेर उहाँसँगको सम्बन्ध बढाउँछौं ? के हामी पूर्णतया उहाँको आज्ञा पालन गर्छौं ? के उहाँप्रतिको हाम्रो प्रेम बलियो र जीवन्त छ ? के हाम्रो जीवन प्रेमद्वारा चिनिएको छ ? के अरूले भन्छन् कि हामी धैर्य, दया, करुणा, विनम्रता, इमानदारी, सत्यता, कोमल हृदय, आत्म-नियन्त्रण र निस्वार्थले भरिएका छौं । के हामीसँग क्षमाशील र सहनशील आत्मा र सेवाको हृदय छ ?

के हाम्रो जीवन अरूको लागि प्रेमको व्यावहारिक अभिव्यक्तिहरूबाट भरिएको छ ? हाम्रो जीवनमा कसरी प्रेमको यो परिभाषाले मेल खान्छ : "प्रेम के हो भनी हामी यसबैबाट थाहा पाउँछौं कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो र हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ । कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्नु दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ ? मेरा साना बालकहरू, वचन र मुखले मात्र हामी प्रेम नगरौं तर काम र सत्यताले प्रेम गरौं ।" (१ यूहन्ना ३ : १६ - १८) के हामी सन्तहरू र हराएका वा खाँचोमा परेकाहरूलाई सेवा दिन, बलिदानीसाथ परिश्रम ?

हामीमा ख्रीष्टको प्रेम

यदि हामी यी कार्यहरूमा चुकिरहेका छौं भने हामी पश्चाताप गरौं अनि प्रभु हाम्रो जीवनमा भरिनुहुनेछ । "जसरी हामी तिमीहरूलाई प्रेम गर्दछौं त्यसरी नै प्रभुले तिमीहरूलाई एउटा अर्कासँग र सबै मानिससँग प्रेमले बढ्ने र प्रशस्त भइरहने तुल्याउन् ।" (१ थेसलोनिकी ३ : १२) हामी उहाँलाई पवित्र आत्माद्वारा हाम्रो हृदयमा उहाँको प्रेमको एक नयाँ प्रवाहको लागि खोज्न सक्छौं । "आशाले हामीलाई निराशा गराउँदैन किनकि हामीलाई दिएका पवित्र आत्माद्वारा परमश्वरको प्रेम हृदयमा खन्याइएको छ ।" (रोमी ५ : ५) हामी पवित्र आत्माको फलहरूको निम्ति उहाँमा भरोसा गर्न सक्दछौं । "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वास, नम्रता र संयम हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन ।" (गलाती ५ : २२ - २३)

"मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस् र म तिनीहरूमा रहुँ ।" (यूहन्ना १७ : २६) परमेश्वर पिताको प्रेम हामीमा छ । ख्रीष्ट आफैं हामीमा हुनुहुन्छ ! उहाँको अनुग्रह र शक्तिले हामी बाँचौं ताकि अरूले हामीमा ख्रीष्टलाई देख्न र उहाँको प्रेमलाई अनुभव गर्न सकुन् ।

"म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन तर ख्रिष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफैंलाई अर्पण गर्नुभयो ।" (गलाती २ : २०)

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

बालबालिकाहरूलाई परमेश्वर र अरूलाई प्रेम गर्न सिकाउने

Teaching Children to Love God and Others

By Kim Butts

यस खण्डमा येशू ख्रीष्टले उहाँका छोराछोरीहरूलाई यसरी प्रेमको बारेमा बताउनुहुन्छ । येशूले जवाफ दिनुभयो, "सबैभन्दा मुख्य चाहिँ यो हो : हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तैंले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले र तेरो सारा शक्तिले प्रेम गर् । दोस्रो चाहिँ यो हो तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् । यो भन्दा ठूलो आज्ञा अर्को छैन ।" (मर्कूस १२ : २९-३१)

विशेष गरी हामी यो खतरनाक संस्कृति र अशुभ समयमा बाँचिरहेका छौं । हामी ख्रीष्टलाई विश्वास गर्नेहरू यस्तो भयभित समयमा पनि उहाँको वचनमा विश्वास गरी आशासहित बाँचिरहेका छौं । यस्तो डरलाग्दो समयमा धेरै असल ख्रीष्टियनहरूको घर-घरमा विभिन्न प्रकारको प्रलोभन देखाई विभिन्न किसिमको संस्कृतिहरूको सिकार बन्न पुगेका छन् । यदि तपाईंहरूले आफ्ना छोराछोरीहरूलाई यसको बारेमा सोध्नुभयो भने उनीहरूको प्रतिक्रिया सुनेर डराउन सक्नुहुन्छ । प्रभुले हामीलाई हाम्रा नानीहरूलाई ठिक प्रकारको तालिम दिन लगाउनुभएको छ तर शैतानले हाम्रो नानीहरूको दिमागलाई आफूतिर खिचेको हुन्छ र संसारलाई उनीहरूले मनपराइरहेको हुन्छ । संसारमा उनीहरू रमाउन चाहन्छन् ।

के तपाईंका छोराछोरीहरूले परमप्रभुलाई आफ्नो सारा हृदयले, सारा प्राणले, सारा समझ र सारा शक्तिले प्रेम गर्छन् ? के तपाईंका छोराछोरीले परमेश्वरलाई आदर गर्छन् ? के उनीहरू अरूलाई पनि आफूलाई जस्तै प्रेम गर्छन् ? के सेवा गर्ने र दया गर्ने कार्यहरू उनीहरूको जीवनको एक महत्वपूर्ण अंश बनेको छ ? के उनीहरू प्रार्थनामा परमेश्वरसँग समय बिताउँछन् ? के उनीहरूले परमेश्वरको वचन अध्ययनमा ध्यान पुऱ्याएका छन् ? के उनीहरूमा ख्रीष्टको तृष्णा छ ?

शैतानले सकेसम्म धेरै मानिसहरूलाई विशेष गरी बालबालिकाहरूलाई नष्ट गर्ने कोशिस गरिरहेको हुन्छ । जब यस संसारका समस्याहरूले हामीलाई डराउँछन्, कहिलेकाहीं कमजोर भएर हाम्रा क्षमताहरू हामीले गुमाइरहेका हुन्छौं । जसको कारणले हामीले ख्रीष्टलाई प्रेम गर्न पछि पर्छन् । जेसुकै होस् हामीले सेवा गर्ने प्रभु जीवित हुनुहुन्छ र उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र कुनै दुष्ट (दुश्मन)ले हाम्रो र हाम्रा नानीहरूलाई बनाएको योजना विफल बनाउन सक्षम हुनुहुन्छ । हामीले चाह्यौं भने हाम्रा छोराछोरीहरूको निम्ति घुँडा टेकेर ईश्वरीय मार्गमा हुर्काउन गरेको सङ्कल्पलाई बलियो बनाउनुहुन्छ र नवीकरण गर्नुहुन्छ । दुई महान् आज्ञाहरूको दृष्टिकोणबाट शैतान केन्द्रित संसारमा एक ख्रीष्टकेन्द्रित घर बनाउने केही व्यावहारिक तरिकाहरू:-

परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर

दस आज्ञाहरूको पहिलो चारको प्रयोग गरेर परमेश्वरलाई प्रेम गर्नको लागि आफ्ना बालबालिकाहरूलाई शिक्षा दिनुहोस् :

आज्ञा एक-"मबाहेक अरू कुनै देवीदेवताहरू नमान्नू ।" (प्रस्थान २० : ३) तपाईंको छोराछोरीलाई एक मात्र परमेश्वर हुनुहुन्छ भनेर सिकाउनुहोस् । परमेश्वरसम्म पुग्ने एकमात्र सत्य बाटो ख्रीष्ट येशूमात्र हो । संसारमा धेरै देवताहरूको पूजा गरिन्छ तर एकमात्र परमेश्वर सत्य हुनुहुन्छ । प्रत्येक दिन परिवार सबैजना सँगै बसेर परमेश्वरको आराधना गर्ने गर्नुहोस् । भजनसङ्ग्रह पढ्नुहोस्, सँगै मिलेर भजन गाउनुहोस् र प्रार्थना गर्नुहोस् । उहाँ मात्र हाम्रो प्रशंसाको योग्य हुनुहुन्छ ।

आज्ञा दुई- "आफ्नो निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू । तिनीहरूको सामु ननिहुरहनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूको तेस्रो र चौथो पुस्तासम्म दिनेछु ।" (प्रस्थान २० : ४ - ५) तपाईंको घरमा मूर्ति बन्न सक्ने कुराहरूको बारेमा कुरा गर्यौं । ती थोकहरू जसले हाम्रो समय र विचारलाई प्रयोग गर्छन्, जस्तै:- टेलिभिजन, कम्प्युटर, मोबाइल आदि र यदि हामीले तिनीहरूलाई परमेश्वरलाई भन्दा धेरै महत्व दियौं भने ती मूर्ति हुन् । यदि

तपाईंको जीवनमा यस्ता प्रकारका मूर्तिहरू छन् भने के गर्नुपर्छ विचार गर्नुहोस् ।

आज्ञा तीन - "परमप्रभु आफ्नो परमेश्वरको नाउँ व्यर्थैमा नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध ठहराउनुहुने छैन ।" (प्रस्थान २० : ७) तपाईंका बालबालिकाहरूले प्रयोग गर्ने भाषाको बारेमा सचेत हुनुहोस् । उनीहरूलाई सिकाउनु होस् कि हर परिस्थितिमा परमेश्वरको नाममा सम्मान गर्नुपर्छ । उहाँको पवित्रताले सुशोभित भएर परमप्रभुको आराधना गर ।" (भजनसङ्ग्रह २९ : २)

आज्ञा चार- "शवाथ - दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू ।" (प्रस्थान २० : ८) आफ्ना बालबालिकाहरूलाई शवाथ दिन परिवारसँग परमेश्वरको आराधना गरेर समय बिताउन सिकाउनुहोस् । परमेश्वरले आज्ञा दिनुभए अनुसार विश्राम दिन पवित्र मान्नुपछ्र ।

आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर

अरूलाई प्रेम गर्नु भनेको हामीले हाम्रा परमेश्वलाई प्रेम गरको प्रतिबिम्ब हो । दस आज्ञाहरूको अरू छ आज्ञाको प्रयोग गरेर अरू मानिसहरूलाई प्रेमको प्रदर्शन गर्न सक्छौ ।

आज्ञा पाँच - "आफ्ना बुबा र आमालाई आदर गर कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस् ।" (प्रस्थान २० : १२) यदि तपाईंका बालबालिकाहरूले तपाईंलाई आदर र सम्मान गर्दैनन् भने उनीहरूले कसरी परमेश्वर र अरू मानिसहरूलाई सम्मान गर्न सक्छन् ? याद गर्नुहोस् बालकको हृदय मूर्खताको बन्धनले बाँधिएको हुन्छ । "बालकको हृदय मूर्खताको बन्धनले जेलिएको हुन्छ, तर ताडनाको बेतले उसबाट त्यो टाढा भाग्ने छ ।" (हितापदेश २२ : १५) अनादरलाई तपाईंको घरमा बढ्न नदिनुहोस् किनकि एक पटक यसले जरा गाड्यो भने यो फैलन्छ ।

आज्ञा छ - "हत्या नगर्नू ।" (प्रस्थान २० : १३) तपाईंका छोराछोरीलाई जीवनको महत्व गर्भावस्थाबाटै सिकाउनुहोस् ।

आज्ञा सात- "व्यभिचार नगर्नू ।" (प्रस्थान २० : १४) तपाईंको बालबालिकाहरूलाई एक पति वा पत्नी बफादार रहन र विवाहभन्दा पहिले यौन शुद्धताको जीवन बिताउन सिकाउनुहोस् ।

आज्ञा आठ - "चोरी नगर्नू ।" (प्रस्थान २० : १४) हाम्रो समाजले गलत काम गरेको नपकडिएसम्म ठिकै छ भनी प्रोत्साहन गर्छ । तपाईंको बालबालिकाहरूलाई गलत काम गर्नुहुँदैन भनी सिकाउनु होस्, चोरी गर्नु स्पष्ट रूपमा परमेश्वरको आज्ञाको विरुद्धमा छ ।

आज्ञा नौ- "आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनू ।" (प्रस्थान २० : १६) बालबालिकाहरूलाई थाहा दिनु पर्दछ कि सत्यताले परमेश्वरलाई आदर गर्दछ । यदि हामी झुटो कुरामा फस्छौं भने हामी अरूको नजरमा भरोसायोग्य हुनेछैनौं । आफ्ना छोराछोरीलाई सिकाउनुहोस् कि परमेश्वरको आज्ञा अनुसार अरूलाई प्रेम गर्नको निम्ति उनीहरूको बोली र कार्य सधैं सत्य हुनुपर्छ ।

आज्ञा दस - "आफ्नो छिमेकीका घरको लालच नगर्नू । आफ्नो छिमेकीकी पत्नीको, कमारा, कमारी, गोरु, गधा, वा त्यसको कुनै पनि थोकको लालच नगर्नू ।" (प्रस्थान २० : १७) हामीसँग भएको कुरामा हामी सन्तुष्ट हुनु पर्दछ । तपाईंको बालबालिकाहरूलाई सन्तुष्ट हुन सिकाउनुहोस् । "खाँचो पऱ्यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट हुन मैले सिकेको छु । कसरी होचिन र कसरी बढ्न म जान्दछु । परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्तितामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने उद्देश्य मैले सिकेको छु । जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।" (फिलिप्पी ४ : ११ - १३)

यी छ आज्ञाहरू बाइबलमा सात वा आठ पटक उल्लेख गरिएको छ । यहाँ कुनै शङ्का छैन कि प्रभुले यी क्षेत्रहरूमा हाम्रो आज्ञाकारिता चाहनु हुन्छ । हामीले हाम्रो छोराछोरीहरूलाई परमेश्वरो आज्ञा पालना गर्न उत्साह दिनु पर्दछ । "हे इस्राएल, सुन परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सरा हृदयले आफ्नो सारा प्राणलले र आफ्नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरूलाई सुनाएको आज्ञाहरू आफ्नो मनमा राख । ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । ती आफ्ना हातमा चिन्हको लागि कसिराख । ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरूमा लेख ।" (व्यवस्था ६ : ४ - ९)

"परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पाला गर्दछौं र उहाँका आज्ञाहरू भारपूर्ण छैनन् ।" (१ यूहन्ना ५ : ३)

आत्माले भरिएको व्यक्तिको प्रेम

The Love of the Sprit - Filled Person

By M Wesley L. Dwewel (1916 - 2016)

हामी डाँडामा बसालिएको सहर जस्तै हौं । "तिमीहरू संसारका ज्योति हौ । डाँडामा बसालिएको सहर लुक्न सक्दैन ।" (मत्ती ५ : १४) हामी लुक्न सक्दैनौं । हामी परमेश्वरलाई धन्यवाद देऔं किनकि संसारले हामीलाई देख्छ र यसरी परमेश्वरको महिमा हुन्छ । संसारका मानिसहरूले परमेश्वर र मुक्तिको बारेमा हामीले हेरेर थाहा पाउँछन् । उनीहरूले आत्माद्वारा हामीले पाएको परमेश्वरको प्रेम देख्न सक्दैनन् तर हामीले बाहिरी रूपमा अरूलाई गरेको प्रेमले मात्र देख्न सक्छन् । उनीहरूले आफूले गर्ने प्रेमभन्दा बढी प्रेम हामीबाट अपेक्षा गरिरहेका हुन्छन् ।

हामीले हाम्रा गल्तीहरू इन्कार नगरौं तर नम्रतापूर्वक स्वीकार गरौं । हामीले बोल्ने शब्दहरू र गर्ने कार्यहरूलाई विशेष ध्यान दिनुपर्छ । यदि हामीले हाम्रो जीवनबाट आत्माको फल प्रकट गराएका छौं भने धेरै भोका मानिसहरू ख्रीष्टको प्रेमको लागि आकर्षित हुनेछन् र त्यहाँ परमेश्वरको महिमा हुनेछ । परमेश्वरले हामीबाट उच्चस्तरको नैतिक जीवनको आशा गर्नुहुन्छ । उहाँले हाम्रो निम्ति आफ्नो पुत्र पठाउनुभयो; ख्रीष्टले खुसीसाथ अपराध र पापको शक्तिबाट हाम्रो मुक्तिको मूल्य चुकाउनु भयो । र, पवित्र आत्मा हाम्रो हृदयलाई सफा राख्न मात्र नभई हाम्रो जीवनबाट परमेश्वरको महिमा गर्नलाई हामीभित्र काम गर्नुहुन्छ । हामीले पिता, पुत्र र पवित्र आत्मा त्रिएक परमेश्वरलाई दुःखी बनाउनु हुँदैन । के हामीले उहाँलाई खुसी बनाएका छौ ? हामीले अरूसँगको हाम्रो सम्बन्धमा सिद्ध पवित्र प्रेमबाट व्यक्त गर्नुपर्छ ।

आत्माले भरिएको व्यक्तिको प्रेम चाहिँ साँचो प्रेम हो । (१ कोरिन्थी १३) प्रेम सहनशील र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, प्रेम हठी हुँदैन, जिद्दी गर्दैन, झर्को मान्दैन र खराबको हिसाब राख्दैन । हामी प्रेमले भरिन्छौं किनकि परमेश्वर प्रेम गर्नुहुन्छ ।" (१ यूहन्ना ४ : ८) हामी हाम्रो दिमाग वा बलले कहिल्यै शुद्ध हुन सक्दैनौं तर परमेश्वरको प्रेमले हामी सिद्ध हुन सक्छौं । न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम, यसैमा सिद्ध भएको हुन्छ । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं । प्रेममा डर हुँदैन तर सिद्ध प्रेमले डरलाई हटाउँछ । किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन ।" (१ यूहन्ना ४ : १७ - १८) हामी पवित्रआत्माको मार्गदर्शन र अनुशासन पालना गर्दछौं । हामीमा परमेश्वरको प्रेम बढ्दै जान्छ ।

जब हामी ईश्वरीय मुक्तिको प्रेमको उपयोग गर्नको लागि ख्रीष्टको बारेमा अरूलाई बाँड्छौं तब हामी आत्माद्वारा भरिन्छौं । हामी ख्रीष्टसँग उहाँको प्रेम उहाँका सेवकहरूसाग साझा बढाउनु पर्छ । जब हामी अरूको मुक्तिको निम्ति जिम्मेवारीको महसुस गर्छौं तब त्यसले हाम्रो छिमेकीको ढोकाहरू खोल्न थाल्छ । प्रेरित १ को ८ मा भनेजस्तै यरुशलेम भनेको आफ्नै छिमेकी हो । छिमेकीबाट सुरु गरेर पृथ्वीको अन्त्यसम्म ख्रीष्टको प्रेम फैलाउनु पर्छ ।

पश्चाताप बिना ईश्वरीय प्रेम योग्य हुँदैन । यस्तो व्यक्ति सबैभन्दा निराशाजनक देखिन्छ । कोही पनि व्यक्तिले आत्मा जित्नको लागि पवित्र आत्माले भरिएको हुनुपर्छ । जुन व्यक्तिसँग पवित्र आत्माको शक्ति छैन त्यसले अरूलाई प्रेम गर्न सक्दैन र अरूको मुक्तिको लागि चिन्ता पनि गर्न सक्दैन । जुन व्यक्ति पवित्र आत्माबाट जन्मिएको हुन्छ, त्यसले अरूको आवश्यकतालाई देख्दछ र त्यो आवश्यकता पूरा गर्न कोशिस गर्दछ ।

उद्धार पाएको व्यक्तिले गरेको प्रेमको काम गर्ने तरिका व्यावहारिक हुन्छ । जस्तै बिग्रेको सम्बन्ध पुनःस्थापना गर्नका लागि, सङ्कटमा परेका मानिसको समस्या समाधान गर्नको लागि, अरूको लागि सबैभन्दा व्यावहारिक सम्बन्ध प्रस्फुटन गर्नको लागि आत्माले भरिएका व्यक्तिहरू प्रत्येकले मुक्ति नपाएका मानिसलाई ख्रीष्टको प्रेममा ल्याउन र आफ्ना इसाई साथीहरूको सेवा गर्न साथै सम्पूर्ण आवश्यकताहरू पूरा गर्नका लागि तयार हुन्छ । यस्तो साथीहरूको सेवा गर्न साथै सम्पूर्ण आवश्यकताहरू पूरा गर्नका लागि तयार हुन्छ । यस्तो प्रेम निस्वार्थ प्रेम हो । यो प्रेमले बिना लालच लचिलो, विनम्र र लगातार अरूको सेवा गर्न खोजिरहेको हुन्छ । येशूले आफ्ना चेलाहरूलाई यसरी व्यावहारिक प्रेम गर्न सिकाउनु भयो । "अनि उहाँ भोजनबाट

उठ्नुभयो र बाहिरी वस्त्र एकातिर राखी एउटा तौलिया आफ्नो कम्मरमा बेर्नुभयो । तब उहाँले बाटामा पानी खन्याउनुभयो, र चेलाहरूका गोडा धुन लाग्नुभयो, र आफूले बेरेको तौलियाले तिनीहरूको गोडा पुछ्न लाग्नु भयो । किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र मैले तिमीहरूका निम्ति गरे, जे तिमीहरूले पनि त्यसै गर ।" (यूहन्ना १३ : ४ - ५, १५)

पवित्र आत्माले भरिएको जीवन नैतिक जीवन हो । जसले हामीलाई पवित्र आत्मा दिनुभयो त्यो पनि प्रेमद्वारा भएको हो । जससँग पवित्रआत्मा हुनुहुन्छ उनीहरूबाट आत्मिकी फलहरू फल्न थाल्दछन् । आत्मिकी फलहरू यी हुन्: "तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरू विरुद्धमा कुनै व्यवस्था छैन ।" (गलाती ५ : २२ - २३) यदि हामीले यी फलहरू फलाउनको लागि भोकाएका छौँ भने परमेश्वरसाग खुरन्दार मागिराख्यौँ भने उहाँले हामीलाई दिनुहुन्छ । "तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौँ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ ।" (लूका ११ : १३) जसले परमेश्वरसँग अडिक भोको भएर लगातार मागिरहन्छ उसलाई परमेश्वरले आत्माद्वारा येशूको महिमा होस् भनेर मार्गदर्न र अनुशासनको आत्मा बनाईदिनु हुनेछ । र, हामी उहाँबाट आशीषित हुनेछौँ, जुन आशिष अरूले हाम्रो जीवनमा देख्नेछन् ।

- Quoted from the book More God, More Power By Wesley L. Duewel

किन कोही मानिसहरूलाई शान्ति छ र अरूलाई छैन ?

Why Some People Have Peace and Other do not?

By Bill Ellif

तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन ।" (भजनसङ्ग्रह ११९ : १६५)

आज हाम्रो समाजको लागि यो अति नै समय सान्दर्भिक प्रश्न हो । आजका मानिसहरू एकदमै विचलित अवस्थामा बाँचिरहेका छन् । संसारमा शान्ति खोज्न मानिसहरू भौँतारिरहेका छन् । संसारमा भोकमरी छ, लडाईं छ, झगडा, वैमनस्यता छ, यस्तोबेलामा शान्ति खोज्दै हिँड्नु समय सान्दर्भिक भएको छ । यी समस्याहरू हेर्दाखेरी हामीलाई पनि सास फेर्ने गाह्रो भएको महसुस हुन्छ । हप्ताको पछाडि केही असल होला कि भन्यो त्यस्तो हुँदैन । यो कुरा विश्वासी वा विश्वास गर्न बाँकी दुवैलाई हुने गर्दछ । कति विश्वासी भन्नेहरूले पनि साँचो शान्तिको महसुस गरेका हुँदैनन् ।

फेरि अर्कोतर्फबाट हेर्ने हो भने यी सबै समस्याहरूको मजबुत पनि कति मानिसहरूले साँचो शान्तिको अनुभव गरेका पनि छन् । व्यापार, परिवार, सेवा, जागिरमै भए तापनि शान्तिको महसुस गर्नेहरू पनि यस संसारमा धेरै नै छन् ।

किन यस्तो भएको होला ?

तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ । यो परमेश्वरको वचनमा नै लेखिएको कुरा हो । यसो हेर्दा यो एकदमै सरल देखिन्छ । परमेश्वरको व्यवस्थामा प्रेम गर्नाले ठूलो शान्ति हुन्छ । परमेश्वरको वचनलाई प्रेम नगर्नाले अशान्ति हुन्छ कुरा स्पष्ट हुँदाहुँदै पनि मानिसहरू यो आधारभूत कुरालाई नबुझेर शान्ति खोज्न विभिन्न सहारा लिने गर्दछन् । सरल बाइबलीय बाटो अपनाउन छाडी आज संसारभरि मानिसहरू गलत बाटोमा हिँडेका छन् । साथै बाइबल पढेकाहरूले पनि बाइबलीय सत्यतालाई बुझेका छैनन् । ठूलो आँधी आएकै बेलामा पनि परमेश्वरलाई सुन्नु धेरै महत्वपूर्ण हुन्छ । त्यतिबेला नै शान्तिको आवश्यकता पर्दछ । त्यो परमेश्वरको वचनमा ध्यान दिएर नै प्राप्त गर्न सकिन्छ । उहाँको आवाज त्यतिबेला सुन्नु धेरै महत्वपूर्ण हुन्छ । उहाँको आवाज सुन्दा उहाँकै हो भनी थाहा पाउनु पर्दछ, चिन्नु पर्दछ । ख्रीष्ट शान्तिको राजकुमार हुनुहुन्छ ।

भजनसङ्ग्रहका लेखक एकजना यस्तो व्यक्ति हुनुहुन्छ जसले परमेश्वरको साँचो आनन्द र शान्तिलाई अनुभव गरेका थिए । उनले साँचो शान्ति प्राप्त गरेको कुरा उनको आफ्नो साक्षीबाट थाहा पाउन सकिन्छ, म आफ्नो मुख खोल्छु, र तृष्णा गर्दछु, किनकिन तपाईंका आज्ञाको प्यासी छु (भजनसङ्ग्रह ११९ : १३१) तपाईंका प्रतिज्ञाहरू पूर्ण रूपले जाँचिएका छन् र तपाईंको दासले तिनलाई प्रेम गर्छ ।" (पद १४०) "दुःख र सङ्कट ममाथि आएको छ, तर तपाईंका आज्ञाहरू मेरो निम्ति हर्षका कुरा हुन् ।" (पद १४३) "म सूर्योदय हुनु अघि उठेर मद्दतको लागि पुकारा गर्छु, मैले तपाईंको वचनमाथि भरोसा राखेको छु । तपाईंका प्रतिज्ञाहरूमाथि मनन गरुँ भनेर, मेरा आँखा रातका पहराहरूमा खुला रहन्छन् ।" (पद १४७ - १४८)

शासकहरूले अकारण मलाई सताउँछन्, तर मेरो हृदयले तपाईंका वचनको भय मान्दछ । जसरी लुटको ठूलो धन पाउने व्यक्ति रमाउँछ, म तपाईंको प्रतिज्ञामा हर्षित हुन्छु । झुटलाई म घृणा गर्दछु र तुच्छ ठान्छु तर तपाईंको व्यवस्था म प्रेम गर्दछु । (पद १६१ - १६३)

हजारौँ पटक मैले मेरो रिसलाई नियन्त्रणमा लिएको छु । रिसले गर्दा रातिमा निदाउन सकेको छैन, रातोपिरो भएको छु, तरै पनि रिसलाई नियन्त्रण गरेको छु । त्यतिबेला नै परमेश्वरको शान्ति मलाई आवश्यक रहेछ र त्यसले मलाई पर्खिरहेको हुँदोरहेछ । म बाघको खोरभित्र एउटा सानो ज्योतिजस्तै हुँदोरहेछु, तरै पनि परमेश्वरको वचनलाई पढिनै रहेको हुनेछु । त्यस्तै समयमा परमेश्वरले मलाई पर्खिरहनु भएको हुँदोरहेछु । र, मलाई रातको ठूलो त्रासदेखि बचाउनु हुँदो रहेछ । उहाँले मलाई फर्काएर ल्याउनु हुँदो रहेछ र मेरो हृदयको भित्रै परिवार मेरो शान्तिलाई पुनः ल्याउनु हुँदो रहेछ । त्यो कस्तो आनन्दको क्षमा उहाँको उपस्थिति मेरो हृदयमा उहाँको साँचो शान्ति ममा ।

ओ ! मैले कसरी उहाँको वचनमा ध्यान दिएँ र उहाँले मलाई साँचो शान्ति दिनुभयो । मैले पाएको शान्तिलाई तपाईंले पनि अनुभव गर्नु पर्दछ । हे मेरा पिता मलाई धेरै टाढा जान नदिनुहोस् । मेरो अज्ञानता, रिस, घमण्डले कहिल्यै पनि मलाई जित्न नसकोस् । म तपाईंको वचनमा रहिरहन सकुँ । तपाईंले मेरो हृदयको घण्टी बजाइरहनु होस् । म तपाईंको निम्ति सधैँ ब्युँझन चाहन्छु । म तपाईंबाट भागेर हिँड्न खोज्दा मलाई नजिक तान्नुहोस् । तपाईंको वचनलाई मैले सधैँ ध्यान दिन सकुँ । मैले रात्रीमा तपाईंलाई पहरेदारले खोजेजस्तै खोज्न सकूँ । अब मलाई सुतेकै बेलामा तपाईंले सिकाउनु होस् । जसले गर्दा तपाईंको आत्माको आवाजलाई मैले सुनिरहन सकुँ । अब मैले नपाएको शान्ति कसले पाउन सक्दछ र ?

तर संसारमा धेरै मानिसहरू छन् जसले परमेश्वरको शान्तिलाई अनुभव गर्न सकेका छैन । त्यसको मुख्य कारण परमेश्वरको वचनले नचिनेको कारणले नै हो । प्रियहरू के तपाईंले साँचो शान्ति प्राप्त गर्नुभएको छ ? परमेश्वरको वचनलाई प्रेम गर्नुभएको छ ? छैन भने आजै उहाँको आवाजलाई सुन्न प्रयास गर्नुहोस् मैले जस्तै साँचो शान्ति तपाईंले पनि प्राप्त गर्न सक्नु हुनेछ ।

(Bill Ellieff, Summit चर्च Arkansas N. Little Rook को संस्थापक तथा वरिष्ठ पास्टर हुनुहुन्छ - सं.)

खीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com